# सम्मरीमाई गाउँपालिकाको स्थानीय सामाजिक विकास ऐन, २०७६

प्रमाणीकरण मिति

२०७६।०७।०३

सम्वत् २०७६ सालको ऐन नं. ९

**प्रस्तावना :** विकास भनेको सामाजिक, आर्थिक र भौतिक पक्षको सकारात्मक परिवर्तन हो । त्यसको व्यवस्थापन गर्नुपर्ने दायित्व स्थानीय सरकारको हो । विकास व्यवस्थापन गर्नको लागि त्यसलाई सञ्चालन गर्ने ऐन नियम तथा कार्यविधि आवश्यकता पर्दछ । सामाजिक विकास अगाडि बढाउन, स्थानीय रुपमा क्रियाशील गैरसरकारी संस्था, आमा समूह, टोल विकास संस्था, युवा सँग सम्वन्धित सञ्जाल वा क्लव वा परिषद, वालवालिकाको सञ्जाल लगायत नागरिक संस्था दर्ता, नवीकरण, सूचीकरण तथा ती संस्थाहरुको परिचालन गर्न आपसी लाभको आधारमा सहकार्य गर्न त्यसको व्यवस्थापनको लागि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सम्विधान, २०७२ ले अनुसूची-८ मा दिएको अधिकार प्रयोग गरी यो सामाजिक विकास ऐन २०७६ जारी गर्न उपयुक्त देखिएकोले सम्मरीमाई गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक खण्ड

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम सम्मरीमाई गाउँपालिकाको सामाजिक विकास ऐन २०७६ रहेको छ ।

(२) यो ऐन गाउँसभावाट पारित भएको मिति देखि तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) कार्यविधि भन्नाले यसै ऐनमा टेकेर बनाइएका कार्यविधिलाई सम्भनु पर्दछ ।

(२) सामाजिक संस्था भन्नाले संघ संस्था दर्ता ऐन अनुरुप दर्ता भएको गैरसरकारी संस्थालाई सम्भनु पर्दछ ।

(३) टोल विकास संस्था भन्नाले सम्मरीमाई गाउँपालिकाले सूचीकृत गरेका विधिवत रुपमा टोलमा गठन भएका संस्थालाई सम्भनु पर्दछ ।

(४) युवा परिषद भन्नाले सम्मरीमाई गाउँपालिकाले तोकेको युवाहरुको सँगठनलाई सम्भिनु पर्दछ ।

(५) बाल सञ्जाल भन्नाले यसै ऐनको मातहतमा रही सञ्चालन हुने वालवालिकाको क्रियाशील सँगठनलाई सम्भनु पर्दछ ।

(६) महिला समूह भन्नाले यसै ऐन अनुरुप सम्मरीमाई गाउँपालिका भित्र महिलाहरुको सँगठित समूहलाई सम्भनु पर्दछ ।

(७) सहयोगी संस्था भन्नाले समान लाभका लागि गाउँपालिकाले एक बर्ष वा बहुवर्षका लागि छनौट गरिएको गैरसरकारी संस्थालाई सम्भनु पर्दछ ।

(८) छनौट समिति भन्नाले सहयोगी संस्था छनौटका लागि गठन भएको समितिलाई सम्भनु पर्दछ । जसले गैरसरकारी संस्था छनौट गरी कार्यपालिकामा सिफारिस गर्नेछ ।

(९) सामाजिक क्षेत्र भन्नाले नेपाल सरकारले लक्षित गरेका सम्पूर्ण लक्षित वर्ग तथा अन्य सामाजिक क्षेत्रमा काम गर्ने क्षेत्र समेतलाई बुभिनेछ । यो क्षेत्रमा काम गर्ने संस्थालाई सामाजिक संस्था भनिनेछ ।

(१०) सूचीकृत भन्नाले यस ऐन अन्तर्गत यस गाउँपालिकामा काम गर्नका लागि दर्ता भएका सेवा प्रदायक निकायहरुलाई सम्भनु पर्दछ ।

(११) समान लाभ भन्नाले समान ढङ्गमा काम गर्नका लागि सम्मरीमाई गाउँपालिका र अन्य सेवा प्रदायक संस्थाको दुवै पक्षलाई हुने लाभ भन्ने जनाउछ ।

## परिच्छेद-२

## संस्था गठन, सञ्चालन तथा व्यवस्थापन

**३. संस्थाको गठन** : सम्मरीमाई गाउँपालिका भित्र विभिन्न वर्ग, समुदाय, तथा क्षेत्र, लिङ्ग, वर्णको हित हुने गरी उनीहरुको अधिकारमा आधारित क्षमता अभिवृद्धि तथा अवसरमा पहुँच वृद्धिका हिसाबले सामाजिक तथा आर्थिक आय आर्जनका गतिविधि सञ्चालन गर्नका लागि सँगठित रुपमा संस्था, समूह, सञ्जाल वा सोही प्रकृतिको संस्था निर्माण गर्न सकिनेछ ।

तर पहिला देखि नै गैरसरकारी संस्थाको रुपमा क्रियाशील सामाजिक विकास संस्था गाउँपालिका क्षेत्रमा सेवा दिनको लागि सूचीकृत हुनुपर्नेछ ।

**४.सदस्यको व्यवस्था :** संस्था गठन गर्नका लागि कम्तीमा ७ सदस्यीय समूह अनिवार्य हुनुपर्नेछ र उनीहरुको प्रष्ट उद्देश्य किटान गरिएको विधान तथा त्यसमा टेकेर अगाडि बढने निर्णय समेत संलग्न गरी गाउँपालिकामा दर्ता गर्न सकिनेछ । त्यसरी दर्ताको लागि रीतपूर्वक पर्न आएको निवेदन गाउँ कार्यपालिकाको निर्णयबाट दर्ता हुनेछ ।

**५. दस्तुर** : यसरी दर्ता गर्ने प्रक्रिया, विधान तथा आवेदन र त्यसमा लाग्ने दस्तुर सभाबाट तोकिए बमोजिम हुनेछ ।

**६. कार्यक्षेत्र:** यसरी दर्ता भएका सामाजिक संस्थाहरुको कार्यक्षेत्र सम्मरीमाई गाउँपालिका भित्र मात्र हुनेछ । तर उनीहरुले अन्य क्षेत्रमा समेत काम गर्न चाहेको खण्डमा जिल्ला प्रशासन कार्यालयमा रीतपूर्वक दर्ता हुनु पर्नेछ ।

**७. स्वीकृति** : सम्मरीमाई गाउँपालिका क्षेत्र भित्र सामाजिक आर्थिक तथा क्षमता अभिवृद्धिका कुनै पनि काम गर्न सामाजिक विकास संस्थालाई स्वीकृती प्रदान गर्न सकिनेछ । त्यसका लागि सो सामाजिक विकास संस्थाले देहाय बमोजिमका सर्तहरु पालन गर्नुपर्नेछ :

(१) कार्यक्रम गाउँपालिकाको लक्ष तथा उद्देश्यलाई सहयोग पुर्‍याउने हुनुपर्ने छ ।

(२) गाउँपालिकाको वजेट सभामा सो कार्यक्रम प्रस्तुत भएको हुनुपर्नेछ । तर विशेष कारणवस गाउँसभामा समावेश हुन नसकेको रहेछ भने सो कारण खोली कार्यपालिकाको वैठकले स्वीकृती प्रदान गर्न सक्नेछ ।

(३) कार्यक्रम सञ्चालन गर्दा सम्मरीमाई गाउँपालिका, सामाजिक संस्था तथा समुदायलाई समान लाभका आधारभूत मान्यतामा रहेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) सामाजिक संघ संस्थाले कुनै दल विशेषलाई फाइदा पुग्नेखालका वा कुनै धर्म, सम्प्रदाय वा जातीय क्षेत्रीय स्थितिमा खलल पार्ने खालका कार्य गर्न पाइने छैन ।

(५) कुनै पनि सामाजिक संस्थाले गरेको कामको अनुगमन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(६) सम्मरीमाई गाउँपालिकाले सामाजिक संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, उनीहरुको सञ्जालीकरण गर्ने, उनीहरुको विचमा समन्वय गरिदिने जस्ता कार्यक्रमद्वारा सामाजिक संस्थाको व्यवस्थापन गर्नेछ ।

## परिच्छेद-३
## संस्थाको सूचीकरणको व्यवस्था

८. **सूचिकरण :** सम्मरीमाई गाउँपालिका भित्र क्रियाशील गैससहरुलाई हरेक वर्ष सूचीकरण गरिनेछ र सूचीकरण गर्दा लाग्ने आवश्यक प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

९. **सूचिकरण प्रक्रिया** : सूचीकरणका लागि सम्वन्धित संघ संस्थाले गाउँ कार्यपालिकाको कार्यालयमा सूचीकरण प्रक्रिया पूरा गर्नु पर्नेछ ।

१०. **सूचना प्रकाशन** : आवश्यकता अनुसार सो सम्वन्धमा सूचना प्रकाशन लगायतको जिम्मेवारी गाउँ कार्यपालिकाको सामाजिक विकास शाखा मार्फत गरिनेछ ।

११. **आवश्यक कागजात** : सूचीकरणका लागि संस्था दर्ता प्रमाण पत्र, नवीकरण, आन्तरिक राजश्व कार्यालयवाट प्राप्त स्थायी लेखा प्रमाण-पत्र, लेखा परीक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१२. **कार्यक्रम सम्वन्धी व्यवस्था :** सूचीकृत संस्थालाई गाउँसभाले स्वीकृत गरेका कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाबाट उनीहरुको क्षमता,

विषयगत क्षेत्र तथा विशेषज्ञता आदिका आधारमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गर्नेछ ।

१३. **काम दिन सक्ने** : यसरी कार्यक्रम प्रदान गर्दा सार्वजनिक खरिद ऐन नियमको प्रक्रियामा रहेर काम उपलब्ध गराइनेछ तर कुनै सामाजिक संस्था गाउँपालिकाको एक वर्ष वा बहुवर्ष साझेदारको रुपमा छनौट भै सम्झौता भएको रहेछ भने उक्त संस्थालाई गाउँपालिकाले उसको विषय र कार्यदक्षता हेरेर सोझै काम दिन सक्नेछ ।

१४. **कार्यक्रम सञ्चालन गर्न सक्ने :** कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैसस, दाता, बहुपक्षीय संस्था सम्मरीमाई गाउँपालिकासँग साझेदार भै काम गर्न आएको खण्डमा उनीहरुलाई स्थानीय गै.स.स.सँग साझेदारीमा काम गर्न प्रेरित गरिनेछ । कुनै स्थानीय गैससले सम्मरीमाई गाउँपालिकालाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नका लागि सो कार्यक्रमको प्रकृतिका आधारमा गाउँपालिकाबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-४
## साझेदार छनौटको व्यवस्था

१५. **साझेदार छनौट गर्न सक्ने** : सम्मरीमाई गाउँपालिकाले सामाजिक आर्थिक तथा क्षमता अभिवृद्धिका कामका लागि एक वर्ष वा बहुवर्ष साझेदारको रुपमा सामाजिक संघ संस्थालाई छनौट गरी कार्य गर्न सक्नेछ । यसरी छनौट भएका सामाजिक संस्थालाई सेवाप्रदायक संस्था भनिनेछ । साथै सेवा प्रदायक संस्था कामको प्रकृति हेरेर निजी कम्पनी वा परामर्शदाताहरु समेत हुनेछन ।

१६. **सहकार्यका क्षेत्र पहिचान :** सेवा प्रदायक संस्था छनौट गर्नुअघि सहकार्य तथा सहक्रियाका क्षेत्र पहिचान गर्ने काम गाउँपालिकाको हुनेछ ।

(१) सेवा छनौटका निम्न आधारहरु लाई प्राथमिकता दिइनेछ :

(क) सेवाप्रदायक संस्था छनौटका लागि कार्यको विषय छानेर नियमानुसार आसयपत्र माग गरिनेछ ।

(ख) सो आसयपत्र प्राप्त भए पछि सेवा प्रदायक संस्था छनौट प्रक्रिया अगाडि बढाइनेछ ।

(ग) सेवाप्रदायक संस्थाको छनौट गर्नका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा देहाय अनुसार निम्न सदस्यीय सेवाप्रदायक संस्था छनौट समिति गठन गरिनेछ ।

- गाउँपालिकाको अध्यक्ष — संयोजक
- गाउँपालिकाको उपाध्यक्ष — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- सामाजिक विकास समितिको संयोजक — सदस्य
- आर्थिक विकास शाखा प्रमुख — सदस्य
- सामाजिक विकास शाखा/इकाई हेर्ने सम्बन्धित कर्मचारी — सदस्य सचिव

(५) छनौट समितिले प्राप्त हुन आएका निवेदनहरु माथि छानविन गरी उपयुक्त संस्था र त्यसको विकल्प समेत तय गरेर सिफारिस गर्नेछ र त्यसलाई कार्यपालिकाले अनुमोदन गरेर सेवाप्रदायक संस्थालाई सम्झौताका लागि आह्वान गरिनेछ । छनौट सम्वन्धी कार्यविधि सेवाप्रदायक संस्था छनौट समितिले निर्धारण गरे अनुसार हुनेछ ।

(६) सेवाप्रदायक संस्था छनौट गरे पछि उक्त संस्थालाई सम्झौताका लागि ७ दिनको म्याद राखेर पत्राचार गरिनेछ । सो अवधि भित्र छनौट भएको संस्था सम्झौता गर्न नआएको खण्डमा वैकल्पिक संस्थालाई अवसर प्रदान गरिनेछ ।

(७) सम्झौता पश्चात सेवाप्रदायक संस्थालाई तोकिएको कार्यको लागि कार्ययोजना बनाई काम गर्नको लागि अनुमति प्रदान गरिनेछ ।

(८) तोकिएको अवधिमा कार्य सम्पादन हुन नसकेको खण्डमा अवस्था हेरी कामको मूल्याङ्कनका आधार समयावधि थप गर्न सकिनेछ ।

(९) छनौट भएको सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने अभिमुखिकरण, तालिम आदि सञ्चालन गर्ने दायीत्व गाउँपालिकाको हुनेछ भने कार्यक्रम भित्रका सम्पूर्ण गतिविधि सञ्चालन गर्ने दायित्व छनौट भएको सामाजिक संस्थाको हुनेछ ।

## परिच्छेद-५
## कार्यविधि बनाउने व्यवस्था

१७. **कार्यविधि तयारी :** यस सामाजिक विकास ऐनसँग जोडिएका विषयहरुलाई अलग अलग तरिकाले अलग अलग कार्यविधि बनाएर सञ्चालन गर्न सकिनेछ ।

१८. **अन्य नीति नियम तयारी** : सामाजिक क्षेत्रका हरेक विषयहरु यस ऐन अनुसार सञ्चालन हुनेछन र सञ्चालनका लागि नीति, नियम, कार्यविधि तथा निर्देशिका जारी गरेर कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१९. **ऐनको शंसोधन :** गाउँपालिकाले यो ऐनको संशोधन आवश्यक ठानेमा गाउँसभाबाट संशोधन गर्न सकिनेछ ।